## विषयः- कम्प्यूटर सीप परिक्षण (Computer Skill Test)

**पाठ्यक्रमको उद्देश्यः-**

आजको वैज्ञानिक युगमा दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधानका लागि सूचना र संचार प्रविधिसँग परिचित र न्यूनतम ज्ञान, सीप र धारणा भएको व्यक्ति हुन अपरिहार्यता रहेको छ। तसर्थ देश विकासको मेरुदण्डको रुपमा रहेको निजामती कर्मचारी छनौट गर्दा आधारभूत कम्प्यूटर ज्ञान र सीप भएको व्यक्ति छनौट गर्नु उपयुक्त हुन्छ। त्यसमा नायव सुब्बा पदमा कार्यरत कर्मचारीहरुलाई कम्प्यूटर सम्बन्धी गर्नुपर्ने सामान्य समस्याहरु हल गर्ने क्षमता हुन अनिवार्य देखिन्छ। त्यसैले अप्राविधिक तर्फका न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संसद सेवा, राजपत्र अनंकित प्रथम श्रेणी, नायव सुब्बा वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको द्वितीय चरणमा कम्प्यूटर सीप परिक्षण प्रयोगात्मक परीक्षा समावेस गरिएको हो।

**प्रयोगात्मक परीक्षा योजना (Practical Examination Scheme)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | विषयवस्तु शिर्षक | अङ्क | समय |
|---|---|---|---|---|---|
| कम्प्यूटर सीप परिक्षण (Computer Skill Test) | १० | प्रयोगात्मक (Practical) | Devanagari Typing | २.५ अङ्क | ५ मिनेट |
| | | | English Typing | २.५ अङ्क | ५ मिनेट |
| | | | Windows basic and Word processing | ५ अङ्क | ५ मिनेट |

## Contents

1. **Windows basic**
   - Introduction to Graphical User Interface
   - Starting and shutting down Windows
   - Basic Windows elements - Desktop, Taskbar, My Computer, Recycle Bin, etc.
   - Concept of files and folders
   - Searching files and folders

2. **Word processing**
   - Creating, saving and opening documents
   - Typing in Devanagari and English
   - Text formatting (font, size, color, underline, italic, bold, etc) and paragraph formatting (alignment, indentation, spacing)
   - Inserting header, footer, page number
   - Page setting (margin, page size, orientation), previewing and printing of documents

-----

## अंग्रेजी वा देवनागरी Typing Skill Test को लागि निर्देशनः-

1. देवनागरी Typing Skill Test को लागि १५० शब्दहरुको एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछः-

| | शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute) | पाउने अंक |
|---|---|---|
| | ५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ० अंक |
| | ५ वा सो भन्दा बढी र ७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.५० अंक |
| | ७.५ वा सो भन्दा बढी र १० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.७५ अंक |
| | १० वा सो भन्दा बढी र १२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.०० अंक |
| | १२.५ वा सो भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.२५ अंक |
| | १५ वा सो भन्दा बढी र १७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.५० अंक |
| | १७.५ वा सो भन्दा बढी र २० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.७५ अंक |
| | २० वा सो भन्दा बढी र २२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.०० अंक |
| | २२.५ वा सोभन्दा बढी र २५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.२५ अंक |
| | २५ वा सो भन्दा बढी शुद्ध शब्द प्रति मिनेट बापत | २.५० अंक |

2. English Typing Skill Test को लागि २०० शब्दहरुको एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछः-

| | शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute) | पाउने अंक |
|---|---|---|
| | ६ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ० अंक |
| | ६ वा सो भन्दा बढी र ९ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.५० अंक |
| | ९ वा सो भन्दा बढी र १२ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.७५ अंक |
| | १२ वा सो भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.०० अंक |
| | १५ वा सो भन्दा बढी र १८ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.२५ अंक |
| | १८ वा सो भन्दा बढी र २१ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.५० अंक |
| | २१ वा सो भन्दा बढी र २४ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.७५ अंक |
| | २४ वा सो भन्दा बढी र २७ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.०० अंक |
| | २७ वा सोभन्दा बढी र ३० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.२५ अंक |
| | ३० वा सो भन्दा बढी शुद्ध शब्द प्रति मिनेट बापत | २.५० अंक |

3. अंग्रेजी वा देवनागरी Typing मा दिइएको Text लाई आधार मानी टाइप गरेको Text सँग भिडाई चेक गरिनेछ । दिइएको अंग्रेजी वा देवनागरी Text मा उल्लेखित स्थान बमोजिम परीक्षार्थीहरुले आफ्नो Text मा Punctuation टाइप नगरेको पाइएमा त्यसको शब्दमा गणना गरिने छैन । तत्पश्चात निम्न Formula प्रयोग गरी शुद्ध शब्द प्रति मिनेट(Correct words/minute) निकालिनेछ ।

**Formula:**

$$\text{शुद्ध शब्द प्रति मिनेट (Correct words/minute)} = \frac{(\text{Total words typed} - \text{Wrong words})}{5}$$